# जुरपानी सामुदायिक वन उपभोक्ता समुह

लमही नगरपालिका वडा नं ८ असानी, देउखुरी, दाङ

आ.व. २०८२।०८३

बोलपत्रद्वारा काठदाउरा लिलाम बिक्रीको सूचना/

प्रथम पटक प्रकाशित मिति: २०८३/०३/११

जुरपानी सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ व.मा स्वीकृत वन कार्ययोजना अनुसार पुनरुत्पादन कटान, ढलापडा रुखहरु कटान तथा वन व्यवस्थापनबाट उत्पादन भई यस समूहको घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छसोही . अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोलेयो सूचना प्रकाशित गरिएको छ । साथै संक्षिप्त सूचना मिति २०८३/०३।११ गतेको गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र वोलपत्र खरिद गरी २२ औ दिनको २:०० वजे भित्र गोप्य सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**वन पैदावारको विवरण**

| क.स | लट | जात | ग्रेड | थान | कुल परिमाण (क्यू.फि.) | प्रति ईकाइ दर रु. | न्युनतम मुल्यांकन | खण्ड नं. | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १-२०८२/८३ | खयर | नन ग्रेड | २०० | १२१.३ | १००० | १२१३००.०० | १ र २ | RF | २६६.८२१.६० |
| २ | | असना | ए | ७ | ६४.९१ | ४०० | २५९६४.०० | | | |
| ३ | | असना | बी | ७ | ८४.०० | ३०० | २५२००.०० | | | |
| ४ | | असना | सी | १४ | ५०.८५ | १०० | ५०८५.०० | | | |
| ५ | | धमला | नन ग्रेड | १० | ४२.६९ | १०० | ४२६९.०० | | | |
| ६ | | धोटी | नन ग्रेड | ९ | ३७.७८ | १०० | ३७७८.०० | | | |
| ७ | | सिमल | नन ग्रेड | १० | ६२.२९ | १५० | ९३४३.५० | | | |
| ८ | | कर्मा | ए | ३ | ८.७९ | ४०० | ३५१६.०० | | | |
| ९ | | सिसौ | ए | ५ | २७.५१ | ७०० | १९२५७.०० | | | |
| १० | | दबदबे | नन ग्रेड | १० | ४२.६० | १०० | ४२६०.०० | | | |
| ११ | | बेटघाइरो | नन ग्रेड | ५ | १३.३१ | १०० | १३३१.०० | | | |
| १२ | | कर्मा | बी | ४ | २९.८६ | ३०० | ८९५८.०० | | | |
| १३ | | कर्मा | सी | १७ | ५४.२९ | १०० | ५४२९.०० | | | |
| | | जम्मा | | ३०१ | ६४०.१८ | | २३७६९०.५ | | | |
| १४ | | मिश्रित दाउरा | चट्टा | | १९ | ४००० | ७६०००.०० | | | |
| | | जम्मा | | | | | ३१३६९०.५ | | | |

१। वोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८३/०३/३१ (ख) समय :- दिनको ठीक ५:०० वजे सम्म (कार्यालय समय भित्र)।

२) वोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८३/०३/३२ (ख) समय :- दिनको ठीक २:०० वजे सम्म ।

# जुरपानी सामुदायिक वन उपभोक्ता समुह

लमही नगरपालिका वडा नं. ८ बेला, देउखुरी, दाङ

आ.व. २०८२।०८३

३) बोलपत्र फाराम प्रति लटको रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय तथा डिभिजन वन कार्यालय, दाङ देउखुरी बाट खरिद गरी समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

४) बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय बाणिज्य बैंक, लमही शाखा, लमहीमा रहेको चल्ती खाता नं. ४२९०१००००८१५४०१० मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ६ महिना म्याद कायम रहेको सक्कल बैंक जमानत/ग्यारेन्टि पेश गरेको हुनु पर्नेछ ।

५) लिलाम बिक्री हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६) लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७) निर्धारित गरिएको न्यूनतम संख्याको र रीतपुर्वक पर्न आएका सबै बोलपत्रहरु मिति २०८३/०३/३२ गते दिउँसो ४.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको र टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन ।

१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको मुल्याङ्न समितिमा हुनेछ ।

११) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा क्रमशः सोहि बमोजिम हुनेछ ।

१२) खाम सिलवन्दी नभइ प्राप्त हुन आएको बोलपत्र मान्य हुने छैन।

१३) एउटै व्यक्तिले एउटै फर्मको निवेदन लिएर माग गरेको लट अनुसारको १ वटा टेण्डर फाराम माग तथा खरिद गर्न पाउने छ । फर्मको सक्कल आधिकारिक प्रतिनिधि पत्र वा नोटरी पब्लिक वाट प्रमाणित प्रतिलिपी पेश गरे पश्चात् मात्र टेण्डर फाराम उपलवध गराइने छ ।

१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१५) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।